# नौकुण्ड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा, बागमती प्रदेश, नेपाल


प.सं.:
च.नं.:

मितिः ..................................
२०७७।१२।२५

सूचना ! सूचना ! ! सूचना ! ! !

### आमा बाबु बिहिन बालबालिका संरक्षणका लागि नौकुण्ड गाउँपालिकाद्वारा जारी सूचना

आमा बाबु विहिन संरक्षण कार्यक्रम अर्न्तगत आमा वाबु दुवै गुमाएका वालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिस्चितता गरी सामाजिक संरक्षण गर्ने उद्देश्यले कानून बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपशिलका योग्यता पुगेका व्यक्तिहरुले तल उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य वालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यलयमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सवैमा सुचित गरिन्छ ।

**आवेदनका साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

- जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि),
- वावु र आमा दुवैको मृत्यु दर्ताको प्रतिलिपि वा वावु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षक र रेखदेखबाट बञ्चितमा परेको प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुगेका वालवालिकाको हकमा मात्र)

**भत्ता प्राप्त गर्ने वालवालिकाको योग्यता :**

- आमा वावु दुवैको मृत्यु भएको वा वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखवाट बञ्चित भई अरुको संरक्षण रहेका,
- १८ वर्ष उमेर पुरा नगरेको,
- ५ वर्ष उमेर पुगेका वालवालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको

विष्णुकुमार अधिकारी
अधिकृत छैठौं
अधिकृत छैठौं

Email: naukundagaunpalika@gmail.com, Website: www.naukundamun.gov.np